स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



निखिल उप्रेती नेपालका एक चर्चित एक्सन् अभिनेता हुन्। उनको जन्म सन् १९८० अगस्ट १० तारिखमा सर्लाही जिल्लामा भएको हो। उनलाई एक चर्चित नायकका रूपमा लिइन्छ। उनको पहिलो र सफल चलचित्र पिंजडा हो। चलचित्र जगतमा एक्सन् चलचित्रहरु प्रति दर्शकको रुचिको प्रेरणा श्रोतको रूपमा उनलाई हेरिन्छ।

आजको विचार...



झलकमानको ...

(दुई पेजमा)

मदन देउराली

केदार घिमिरे नेपालका हाँस्य कलाकार तथा अभिनेता हुन्। उनी "मेरी बास्सै" नामक टेलिशृङ्खलाबाट लोकप्रिय बनेका हुन्। उनी हेटौडाका स्थानीय बासिन्दा हुन्। घिमिरे हास्य टेलिसिरियल मेरी बास्सैमा माग्ने बुढाको भुमिकामा अभिनय गर्ने कलाकार हुन्। उनलाई माग्ने बुढाको नामले चिनिन्छ। उनले २०५० मा एसएलसी गरेका हुन्



❒ वर्ष ३१ अंक १६० ❒ २०८२ पुस २२ गते मंगलबार 6 January 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### डुङ्गा डुब्दा २५ जनाको मृत्यु



(रासस/क्यूएनए)

अबुजा(नाइजेरिया), पुस २१ /उत्तरपूर्वी नाइजेरियाको योबे राज्यमा डुङ्गा डुब्दाँ कम्तीमा २५ जनाको मृत्यु हुनुका साथै १४ जना अभै बेपत्ता रहेको नाइजेरियाका अधिकारीहरूले जनाएका छन् । योबे राज्य आपतकालीन व्यवस्थापन एजेन्सीले जनाए अनुसार घटना जिगावा राज्यको गाउँबाट योबे राज्यतर्फ जाँदै गरेको डुङ्गा पानीमा पल्टिएपछि भएको थियो भने डुङगाामा ५२ जना यात्रु थिए । अधिकारीहरूका अनुसार १३ जना यात्रुहरूलाई जीवित उद्धार गरिएको छ र २५ जनाको शव बरामद गरिएको छ, भने १४ जना बेपत्ता व्यक्तिहरूको खोजी र उद्धार कार्य जारी छ । जिगावा राज्य प्रहरीले डुङ्गामा पानी चुहावटका कारण डुङ्गा पल्टिएको भन्दै घटना भएको पुष्टि गरेको छ । नाइजेरियामा यस अघि गत सेप्टेम्बरमा मध्य नाइजेरियाको नाइजर राज्यमा रूखमा ठोक्किएर ओभरलोड भएको डुङ्गा पानीमा डुब्दा कम्तीमा ६० जनाको मृत्यु भएको थियो ।

## रामपुर नगर सभाको १८ औं अधिवेशन

# बजेट रकमान्तर, दुई विधेयक पारित

**हाम्रा संवाददाता**

**पाल्पा,** पुस २१/ जिल्लाको रामपुर नगरपालिकाको १८ औं नगरसभाले बजेट रकमान्तरसहित दुई विधेयक पारित गरेको छ । हिउँदे अधिवेशनको रुपमा हेरिएको नगरसभाले सार्वजनिक महत्वका दुई विधेयक सर्वसहमत रुपमा पारित गरेको हो ।

नगरसभाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक २०८२ र रामपुर नगरपालिका पर्यटन विकास विधेयक सर्वसम्मत रुपमा पारित गरेको छ । सभामा विद्येयक समितिका संयोजक मिनबहादुर सिंजालीले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक २०८२ र विद्येयक सदस्य विष्णु माया गैरे रामपुर नगरपालिका पर्यटन विकास विधेयक बहुमतले पारित गरियोस् भनि प्रस्तुत गरेका थिए । सभाले वडा तथा नगरस्तरीय ८० वटा योजना तथा कार्यक्रमको बजेट रकमान्तर तथा शिर्षकान्तर गरेको छ । उपप्रमुख बालकुमारी थापाले प्रस्तुत गरेको योजनाहरुको रकमान्तर र शिर्षकान्तर प्रस्ताव सर्वसम्मत रुपमा पारित गरेको छ । नगर उपप्रमुख थापाले नगरको




चालु आर्थिक वर्षको कुल बजेट ८१ करोड १३ लाख ६६ हजार ६२१ रुपैयाँ मध्ये अधिवेशनले वडा तथा नगर स्तरीय ८० वटा योजना तथा कार्यक्रमको दुई करोड पाँच लाख ११ हजार शीर्षकान्तर तथा रकमान्तर गरिएको जानकारी दिइन् । नगर सभा सदस्यहरुले उठाएको प्रश्न र प्रस्ताव बारे प्रष्ट पार्दै सभाध्यक्ष एवं नगर प्रमुख रमण बहादुर थापाले विकाससँगै नगरको पहिचानका लागि नगरपालिकाले गरेका कार्य गौरवको रुपमा रहेको बताए । नगरपालिकाले सुरुवात गरेको असल अभ्यास संघ र प्रदेशले पनि सुरुवात गर्नु खुशीको कुरा भएको उनले उल्लेख गरे । नगरपालिकाले खररहितको घर, युवा स्वरोजगार, ढलरहित शहर, कालीगण्डकी पैदल मार्ग निर्माण, नगर गौशाला निर्माण, उज्यलो शहर घोषणा लगाएतका महत्वपूर्ण कार्य गर्दै आएको नगर प्रमुख थापाले बताए । उनले बालबालिका र जेष्ठ नागरिकको सुरक्षाका लागि रामपुर नगरपालिकाले आवश्यक कार्यक्रम सञ्चालन गर्दै आएको बताए ।

जनताको चाहाना अनुसार स्रोत साधनले भ्याएसम्म विकास र सेवालाई प्राथमिकता दिदै आएको उनको भनाई छ । जनप्रतिनिधि र कर्मचारीहरु जनतालाई सहज रुपमा सहज रुपमा सेवा प्रवाह गर्न कसरी सकिन्छ भन्ने ध्येयका साथ लागि रहेको थापाले बताए । नगरपालिकाले संघ र प्रदेश संग समन्वय गर्दै लागि रहेको उनले बताए । नगर प्रमुख थापाले हल्लाको पछि नभै सेवामा प्रतिवद्ध भएर लाग्न अनुरोध सबैलाई आग्रह गरे । रामपुर नगरपालिका १ का वडा अध्यक्ष एवं प्रवक्ता कपिल बहादुर खाँणले सभामा धन्यवाद ज्ञापन गर्दै देश वर्तमान अवस्था सम्म ल्याउनका लागि दलहरुको भुमिका महत्वपूर्ण रहेको बताए । उनले जनप्रतिनिधिहरु स्थानीय तहलाई प्राप्त २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकार कार्यान्वयनमा कति जिम्मेवार भएर लाग्यौं त्यो महत्वपूर्ण हुने बताए । नगरबासीले के अनुभूति गरे भन्ने विषयमा समिक्षा गरी अघि बढ्नु आवश्यक रहेको उनको भनाई छ । कार्यपालिका सदस्य दुर्गा देवी भण्डारी गौतमले योजना कार्यान्वयनमा सबैको साथ सहयोग आवश्यक रहेको बताइन् । रामपुर नगरपालिका(३ का वडा अध्यक्ष दामोदर पाठक विकृति र विसंगति विरुद्ध एकजुट भएर लाग्नु पर्ने बताए । शुन्य समयमा आफ्नो धारणा राख्दै वडा नं. १० का वडा अध्यक्ष तोयानाथ सारु थापाले नगरपालिकाले सञ्चालन गरेका राम्रो योजनालाई निरन्तरता दिदै बाँकी कार्यलाई पनि समेटेर अघि बढ्नु पर्ने उल्लेख गरे । उनले नगरपालिकाले विवाह पञ्चमीको अवसरमा आयोजना गरेको रामसीता विवाह महोत्सव, जेष्ठ नागरिक स्कुल सञ्चालन लगाएतका कार्य निकै गर्वको विषय रहेको बताए । थापाले खानेपानीको मुहान एकितृत गर्ने, वडा पहुँच मार्ग तथा आमा भवन निर्माणको विषयमा ध्यानाकर्षण गराए । शुन्य समयमा रामपुर ४ का वडा सदस्य मोहम्मद अजिम शेख, वडा नं. ६ का वडा सदस्य हरिनाथ ढुङ्गानाले सडक तथा विकासका पूर्वाधारको बारेमा आवाज उठाएका थिए । विशेष समयमा रामपुर ७ का वडा अध्यक्ष दोवराज तिवारीले फोहोर व्यवस्थापनको विषयमा अब नगरपालिकाले विशेष ध्यान दिनु आवश्यक रहेको बताए । साथै वडा नं. ६ का वडा सदस्य हरिनाथ ढुङ्गानाले बुल्टारलाई नगरको क्रिकेट मैदानको रुपमा विकास गर्न आग्रह गरेका थिए । रामपुर-४ का वडा सदस्य मोहन सिं रानाले विदेश अध्ययनका लागि जाने विद्यार्थीहरुको लागि राजस्वमा सहुलियत प्रदान गर्नु पर्ने बताएका थिए । सभामा रामपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले नगर सभाको आह्वान पत्र बारे जानकारी गराएका थिए । सभाको सहजिकरण योजना शाखा प्रमुख विक्रम बस्नेतले गरेका थिए ।


# चिसो मौसममा सुरक्षित रहौं।

चिसो मौसममा:

-तातो तथा न्यानो कपडा लगाऔं,

-तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,

-घर तथा कोठा न्यानो बनाऔं,

-बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,

-न्यानो सिरक ओढेर सुत्ने गरौं,

-जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,

-चिसोमा हिँडडुल (मर्निङ्ग वाक) नगरौं,

नेपाल सरकार

विज्ञापन बोर्ड


## भार्सेमा भिक्टोरिया क्रस विजेता रानाको सालिक

**गुल्मी,** पुस २१ / लाहुरेहरूको गाउँका रूपमा परिचित यहाँको सत्यवती गाउँपालिका-८ भार्सेमा प्रथम विश्वयुद्धका वीर गोर्खा सैनिक तथा भिक्टोरिया क्रस प्राप्त कर्नबहादुर रानाको सालिक स्थापना गरिएको छ । प्रथम विश्वयुद्धका क्रममा जर्मन सेनाविरुद्ध बहादुरी प्रदर्शन गरेवापत बेलायत सरकारले रानालाई सर्वोच्च सैनिक सम्मान भिक्टोरिया क्रस प्रदान गरेको थियो । लाहुरेहरूको इतिहास जीवित राख्ने उद्देश्यसहित निर्माण गरिएको भार्से ग्यालरी परिसरमा राानको सालिक स्थापना गरिएको हो ।

जिल्लाको कालीगण्डकी गाउँपालिका-७ फोक्सिङ निवासी कर्नबहादुर रानाको जन्म सन् १८९८ मा भएको थियो । उहाँले १९ वर्षको कलिलो उमेरमै सन् १९१९ मा बेलायतका राजा जर्ज पाँचौँबाट भिक्टोरिया क्रस प्राप्त गर्नुभएको थियो । रानाको सन् १९७३ मा ७४ वर्षको उमेरमा निधन भएको थियो ।रानाको सालिक स्थापनाले दिवंगत तथा जीवित सम्पूर्ण लाहुरेहरूको सम्मान भएको सालिकका परिकल्पनाकार लेफ्टिनेन्ट कुलबहादुर बुढाथोकीले बताए । इतिहास संरक्षणका लागि व्यक्तिगत अग्रसरतामा सालिक स्थापना गरिएको भन्दै स्थानीयवासीले बुढाथोकीप्रति आभार प्रकट गरेका छन् । भार्से भूपू सैनिको नेतृत्वमा करिब रु १६ लाख लागतमा सालिक निर्माण गरिएको हो । गुल्मेली मूर्तिकार यमबहादुर थापाले एक वर्षभन्दा बढी समय लगाएर रानाको सालिक निर्माण गरेका हुन् । नेपाल



सरकारका तर्फबाट कुनै औपचारिक सम्मान नपाएकाले व्यक्तिगत लगानीमार्फत उक्त सालिक निर्माण गरिएको भार्से भूपूसैका कोषाध्यक्ष नरबहादुर बुढाथोकीले जानकारी दिए । प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले महत्वपूर्ण भार्सेमा भूपूगोर्खा ग्यालरी र भार्से ग्यालरी स्थापना गरिएको छ । ग्यालरीमा प्रथम विश्वयुद्ध लड्ने ८४ र दोस्रो विश्वयुद्ध लड्ने १७८ जनाको फोटो र सक्षिप्त इतिहास संकलन गरिएको छ । ( ... *बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## लघुवित्त सुधारमा ध्यान देऊ

नेपालमा लघुवित्त कार्यक्रम गरिबी न्युनिकरण, महिला सशक्तीकरण र ग्रामीण अर्थतन्त्रको आधारका रूपमा विकास गरिएको अवधारणा हो । विशेषतः बैंकिङ पहुँच नपुगेका समुदायसम्म साना ऋण, बचत र वित्तीय सेवाहरू पुर्‍याउने उद्देश्यले लघुवित्त संस्थाहरू विस्तार भए । तर पछिल्ला वर्षहरूमा यसको मूल उद्देश्यबाट विचलन भएको आरोप बढ्दै गएको छ । वर्तमान अवस्थामा धेरै लघुवित्त संस्थाहरू सेवामुखी भन्दा पनि नाफामुखी बन्दै गएको देखिन्छ । एउटै क्षेत्रमा धेरै लघुवित्त पुगेका छन्, जसका कारण ग्राहकहरूलाई बारम्बार ऋण लिन प्रेरित गरिन्छ । परिणामस्वरूप ऋण तिर्न अर्को ऋण लिनुपर्ने दुष्चक्र सिर्जना भएको छ । ग्रामीण महिलाहरूलाई सशक्त बनाउने नाममा उनीहरू ऋणको बोझमा थिचिँदै गएका छन् । कतिपय स्थानमा अत्यधिक ब्याजदर, जरिवाना र असंवेदनशील ऋण असुलीले सामाजिक तनावसमेत निम्त्याएको छ ।

लघुवित्तको अर्को गम्भीर समस्या वित्तीय साक्षरताको अभाव हो । धेरै ऋणीहरूले ऋणको सही प्रयोग, आम्दानी वृद्धिका उपाय र जोखिम व्यवस्थापनबारे पर्याप्त जानकारी पाएका छैनन् । यसले लघुवित्तलाई उत्पादनशील क्षेत्रमा भन्दा उपभोगमुखी खर्चतर्फ मोडिदिएको छ, जसले दीर्घकालीन लाभ दिन सकेको छैन । अब सुधारको दिशा स्पष्ट हुन आवश्यक छ । पहिलो, नियामक निकायले लघुवित्त संस्थाहरूको ब्याजदर, सेवा शुल्क र ऋण असुली प्रक्रियामा कडाइका साथ निगरानी गर्नुपर्छ । दोस्रो, एउटै व्यक्तिलाई धेरै संस्थाबाट ऋण दिने प्रवृत्ति रोक्न प्रभावकारी केन्द्रीय सूचना प्रणाली सुदृढ गर्न जरुरी छ । तेस्रो, ऋणसँगै सीप विकास, उद्यमशीलता तालिम र वित्तीय शिक्षा अनिवार्य गर्नुपर्छ । चौथो, लघुवित्तलाई वास्तविक उत्पादन, कृषि, साना उद्योग र स्वरोजगार सिर्जनासँग जोड्न प्रोत्साहन दिनुपर्छ । लघुवित्त गरिबी घटाउने सशक्त औजार बन्न सक्छ, तर त्यसका लागि यसको मूल दर्शनमा फर्केर सुधारको साहसी कदम चाल्न ढिलाइ गर्नु हुँदैन ।

### Opinion @ Socia Network

बसन्त आउन, चिसो सहनै पर्छ खुशी पाउन,
दु:ख भोग्नै पर्छ।
*(शिव थापाको **फेसबुक स्टाटसबाट** www.facebook.com/shiba.Thapa )*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# झलकमानको 'तानसेन घमाइलो' र अहिलेको तानसेन




**मदन देउराली**

अस्ती भर्खर यही पौष १३ गते पाल्पा काठमाडौं सुविधाजनक पाल्पा दर्शन नामको रात्री बस सञ्चालनमा आएको छ । यसै अवसरमा बसका मालिक प्रकाश गोंगलजीले आफनो फेस बुकमा राख्नु भएको थियो 'हाम्रो तानसेन यसैले होला "तानसेन घमाइलो" गीत रचनाकारज्यूले रचेको होला ? तराईमा शितलहर तानसेनलाइ प्रकृतिको उपहार आउने होइन तानसेन ? भनेर । कस्तो ठयाक्कै मिलेको छ । आजकाल तराईमा शीत लहर चलिरहेको छ तर हामी तानसेन बस्नेहरु दिनभरि मजाले घाम तापिरहेका छौं । त्यसैले तानसेन घमाइलो गाउने गायकले शायद यही देखेर यो गीत गाएका हुन की । "घाँसै काटी दुई खोली दोभान, हाँसी खेली विताउला जोवन, तानसेन घमाइलो जता निरमाया उतै रमाइलो " कुनै समयमा यो गीत जन जनको जिब्रोमा थियो, खुब लोकप्रिय भएको थियो । यो गीतका गाएक तथा रचनाकार थिए कास्कीमा जन्मेका झलकमान गन्धर्व । यो गीत यति लोकप्रिय भयो कि जतातत्तै यो गीत गुञ्जिन थाल्यो ।

नेपाल आइडल, रोधीघर, नेपाल व्लुज, अमीत बराल, बाल कुमार श्रेष्ठ र रेजिना परियार, रमन नेपाल, अर्जुन बीसी, देवेन्द्र श्रेष्ठ, अर्कौ एन फन्डेस, सुजन चापागाई, आशिस महर, प्रमिल परियार आदि-आदिले गाए । कसैले मौलिक गाए कसैले रिमिक्स गरी गाए तर जसरी गाए पनि यो गीतलाई सुपर हिटको लिष्टमा पार्न सफल गरि दिए । तर कसरी यो गीत यसरी हिट भयो होला त ? हुनत तानसेनको सौन्दर्यताको बयान गर्नेहरुमा झलकमान मात्र थिएनन् उनी भन्दा अगाडि अन्य गायकहरु पनि थिए मास्टर मित्रसेनले "तानसेन रमाइलो डाँडा बाबुसाहेव, तानसेन रमाइलो डाँडा उकाली ओराली लड्दै र पढ्दै बुटौली सातकोस टाढा " गाए त्यस्तै गरी इन्द्रलाल श्रेष्ठले गाए "मनोहर डाँडा श्रीनगर डाँडा हामीलाई प्यारो लाग्ने तानसेन सहर" पछि देउराली परिवारले गाए "चरि गाउँछे मादलको तालैमा, घन्क्यो मादल शितलपाटीमा, माया लाउने श्रीनगर डाँडैमा" । त्यति मात्र हैन विदेशी पर्यटक किथ डि फलोले झिगटीले छाएका कलात्मक घरहरु, च्याप्टा ढुंगा छापिएका बाटाहरु, रमाइलो मौसम, मिजासिला मानिसहरु साना(साना चिया पसलमा चीया खानेहरुको भीड, माडिफाटबाट विहानीको घामसँगै फुंग उड्दै गरेका हुस्सु अनि त्यसभित्र विलाउँदै गएको तानसेन सहर आदिले मोहित भएर Tansen city in the mist अर्थात् हुस्सु भित्रको तानसेन सहर भनेर पनि तानसेनको प्रशंसा गरे । गायकहरु मात्र नभै थुप्रै लेखकहरुले पनि तानसेनको बखान गरेको पाइन्छ । आखिर के थियो त तानसेनमा यसरी गीत बनाएर गाउनु पर्ने, पर्यटक तथा लेखकहरुले प्रसंशा गर्नु पर्ने ? के थियो त तानसेनमा त्यस्तो वातावरण त्यसबेला ?:

हो तानसेन त्यसबेला ऐतिहासिक थियो, सांस्कृतिकमय थियो आफनै मौलिकता थियो आफनै विशेषता थियो । टुँडिखेलदेखि कैलाशनगरसम्म झिंगटिले छाएका आकर्षक साना-साना कलात्मक झ्याल ढोकाहरु घरहरु भएको एकलेनको बाटो दायाँबायाँ टक्सार, मेहलधारा, लहरेपिपल, वडिझानटोल, शिलखान । च्याप्टा च्याप्टा ढुंगा छापिएका उकाली ओरालो बाटाहरु । सानो तर आकर्षक बस्ती, स्वस्थ्यकर हावापानी, हिउँदको पारिलो घाम, सफा र सुन्दर बजार, वर्षको प्रारम्भ देखि वर्षको अन्तिम दिन सम्म मनाइने भव्य जात्रा, चाडपर्वहरु, प्रत्येक टोलटोलमा साँझपख गुञ्जिने शास्त्रीय संगीत तथा भक्ति भजनका लहरहरु जस्ले तानसेनको ऐतिहासिकता तथा सास्कृतिकता झल्काउँथ्यो । बजारमा काठमाडौं उपत्यकाबाट आएका, ल्याइएका नेवारहरु जो विभिन्न समयमा विभिन्न प्रयोजनका लागि तानसेन आएका थिए । विभिन्न समयमा पाल्पाका लागि आएका तैनाथवालाहरुले आ-आफनो पालामा विभिन्न संरचनाहरु निर्माण गर्न ल्याइएका कालिगडहरु, व्यापारीहरु जस्ले तानसेनमा आए पछि स्थायीरुपमा यहीं बसोबास गर्न थाले पछि आफुहरुले काठमाडौं उपत्यकामा मनाउने गरेका संस्कृति जात्रा चाडपर्वहरु तानसेनमा पनि स्थापित गराएका थिए जस्ले गर्दा तानसेन संस्कतिमय भएको थियो । नेवारहरु धेरैजसो व्यापार व्यवसाय गर्दथे । पश्चिमी तथा पूर्वि जिल्लाहरुको व्यापारिक केन्द्र थियो पाल्पा त्यसबेला । बाहिरबाट जिल्लाहरुबाट आएका ढाकेहरु, प्यूठानीहरु, भोटेहरुले भरिभराउ हुन्थ्यो, गुलजार हुन्थ्यो बजार । उनीहरुले आफ्नो घरमा उत्पादन भएका घीउ, अदुवा, जडिबुटि लिएर आउँथे भने यहाँबाट आफुहरुलाई चाहिने लत्ता कपडा, नून तेल, सूर्ति तमाखु आदि लिएर जान्थे । बजारमा कतै ठूला-ठूला कराहीमा घीउ खारिरहेको देखिन्यो र टोल भरि घीउको गन्ध हुन्थ्यो त कतै लामा-लामा सूर्तिका पात काट्दै खुँदोमा पकाउदै गरेको तमाखुको गन्धले भरिएको हुन्थ्यो । त्यसबेला सिद्धार्थ राजमार्ग बनेको थिएन त्यसैले पनि तानसेन व्यापारिक केन्द्र थियो । पाल्पामा नेपालमा विलय भएपछि आएका तैनाथवालहरुमा जनरल अमरसिंह थापाले कलात्मक अमर नारायण मन्दिर, अमरेश्वर महादेव मन्दिर, अमर विनायक गणेश मन्दिर, तहविल गणेश मन्दिर, देवनधारा, पोखरी, ठूला-ठूला च्याप्टा ढुंगाहरुले घेरिएको फूलबारी, तीनधारा आदि बनाउन लगाएका थिए भने जनरल उजिरसिंह थापाले श्री रणउजिरेश्वरी भगवती मन्दिर, जनरल खड्ग शमसेरले पुरानो दरबार, मुगल शैलिको विशाल मूलढोका, शितलपाटी, बद्रीनरसिंह राणाले बद्रेश्वर महादेव मन्दिर, तिनधारा नजिक पोखरीधारा, जनरल प्रताप शमसेरले काठमाडौंको सिंहदरवार जस्तो व्रिटिस शैलिको हालको दरबार, खानेपानीको सुविधा, वीरशमसेरले लहरै पिपलका रुखहरु रोप्न लगाएका थिए । तानसेन कलात्मक शहर थियो त्यसबेला । यहाँका बासिन्दाहरु हिउँद लागे पछि तराइ झर्थे भने गर्मीको बेला पारिलो घामको लागि पहाड जाने भनेर पाल्पा आउँथे किनकी त्यसबेलाको हवापानी त्यस्तै हुन्थ्यो । बारै महिना सिरक ओढेर सुत्नु पर्ने मौसम हुन्थ्यो । चाडपर्वहरुमा मन्दिरहरुमा भक्तजनहरुको घुँइचो लाग्थ्यो । साँझपख घर-घरमा पालो गरी शास्त्रीय संगीतमा आधारित भक्ति भजनहरु भइरहन्थ्यो । कतै गीत गोविन्द कतै दाफा भजन कतै चैत्यराज भजन कतै चतुर्मास भजन आदिले टोलहरु गुञ्जिरहन्थ्यो । वस्ताजहरु हार्विन, तबला, सितार भायलीनमा मस्त र टोल विभिन्न रागहरुको गायनले गुञ्जायमान भईरहन्थ्यो । बेलाबखत नाटकहरु हुन्थ्यो । जनै पूर्णिमादेखि नौदिनसम्म लगातार जात्रा हुन्थ्यो । जनै पूर्णिमा, गाइजात्रा, रोपाईजात्रा, बाघ जात्रा, श्रीनगर गणेश जात्रा, टक्सार गणेश जात्रा, भीमसेन जात्रा, कृष्ण जन्माष्टमी, रणउजीरेश्वरी भगवती जात्रा, अमर नारायण जात्रा आदि हुन्थ्यो । यो बेला केटाहरुलाइ केटी बनाइ छोकडा नाच गरिन्थ्यो । वर्ष भरि अन्य जात्राहरुमा टक्सार काल भैरव जात्रा, लक्ष्मी नारायण जात्रा, बुद्ध जयन्ति, बटुक भैरव जात्रा, योमरि पुन्ही, सकिमला पुन्ही, यैँया पुन्ही, होली पुन्ही आदि आदि हुन्थे । आ-आफनो चाडपर्व धुमधामका साथ विधिपूर्वक मनाउँथे । प्रत्येक साँझ अमर नारायण मन्दिरमा बज्ने नगडाको आवाजसँगै नजिकै फूलवारीमा रहेका चमेराहरुको लश्कर जन्ती गए जस्तै आकाशमा उडेर गइरहको दृष्य पर्यटकहरुको आकर्षणको विषय थियो । त्यसैले पनि तानसेन संस्कृतिमय थियो । टुँडिखेलको हरियो चउरमा बराबर फूटबल खेल भइरहन्थ्यो । प्रतियोगितात्मक खेल हुन्थ्यो । यहाँका युवाहरुका साथ बाहिरबाट खेलाडीहरु खेलमा भाग लिन आउँथे । शैक्षिक थलोको रुपमा प्रशिद्ध थियो भने स्वास्थ्यको क्षेत्रमा नाम कहलाइएका थिए । गोरखपुर तिर बाट समेत उपचार गर्न आउँथे विरामीहरु । सबैको आ-आफनै विशेषता थियो मौलिकता थियो । शायद यी सबै कारणले गर्दा पनि गायक झलकमान गन्धर्वलाई तानसेन घमाइलो लागेको थियो ।तर आज त्यो वातावरण केही पनि छैन् । आकर्षक कलात्मक झ्याल ढोका भएका झिगटीका घरहरुको सट्टामा जताततै कंक्रिटका घरहरु छन् । तानसेन आज सानो छैन् दायाँ वायाँ पखेटा फैलाइ सकेछ जताततै कंक्रिटका घरघरहरु मात्र देखिन्छन् । सिद्धार्थ राजमार्गको निर्माण पछि व्यापार व्यवसाय कम हुन थालेपछि यहाँका स्थानीयहरु नेवारहरु धमाधम घर छोड्दै अन्य जिल्लाहरु तिर पलायन हुन थाले । पुराना स्थानीयको सट्टामा अन्य जातिहरुको बाहुल्यता हुन थाल्यो । यसको असर तानसेनको हरेक क्षेत्रमा पर्दै गयो । किनकी जात्रा चाडपर्व मनाउने जातिमा नेवार जातिहरु शायद पहिलो पक्तिमा पर्दछन क्यारे । अब नेवारहरु नै नभए पछि ऐतिहासिकता हराउँदै गयो, सांस्कृतिकमय तानसेन विस्तारै आफ्नो अस्तित्व गुमाउँदै गयो । अब मौलिकता, विशेषता कतै देखिदैन । जात्रा चाडपर्व साँगुरिदै गयो । कतिपय जात्रा चाडपर्वहरु संरक्षणको अभावमा लोप भए र आज पनि हुँदैछन् । अग्रजहरुको निधनसँगै पुराना भजनहरु हराउँदै गए । आजभोलि कतिपय जात्राहरु नाम मात्रको हुन थालिसके छ । यस्ता अमूल्य धरोहरहरु पुस्तान्तरण हुन सकेन । अब समयले कोल्टे फेरिसके छ । तानसेन अब पहिले जस्तो छैन । शिक्षा, स्वास्थ्य क्षेत्रमा अब अरु जिल्लाहरुले ओगटिसकेछ । घरहरु अग्ला अग्ला कंक्रिटमय भए बाटाहरु च्यापटा ढुंगाका सट्टा पीच, ढलान भए । घर-घरहरुमा हुने शास्त्रीय संगीत, भजन आज भोलि कतै छैनन् । सांगीतिक माहोल कतै छैन सबै लोप भयो । विश्वव्यापी तापकम बृद्धिका कारण पाल्पाको हावापानी अहिले पहिले जस्तो छैन् । पर्यटकको आकर्षण चमेराहरु आज कतै देखिदैन अब त्यो दृष्य कहिले पनि हेर्न पाउने छैनन् पर्यटकहरुले । गाउँ-गाउँमा सडक संजाल जोडिएका कारण अब गाउँका बासीन्दाहरुलाई तानसेन धाइरहनु नपर्ने भएको छ । अब तानसेनमा पुरानो मौलिकता छैन्, विशेषता छैन, संस्कृतिमय छैन जहाँ गर्व गर्न सकियोस्, ऐतिहासिकता विस्तारै आधुनिकतामा फेरिदै छन् । शायद समयको माग हो । शायद यही हो विकासको कम । अब पनि झलकमान गन्धर्वको तानसेन घमाइलो छ त तानसेन ? के भन्ने खै ?

***(लेखक देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठानका अध्यक्ष समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

- **मेष** : मान्यजनहरूको सहयोगले लाभ मिल्नेछ ।मनमा शान्ति छाउनेछ ।
- **वृष** : निर्णय गर्दा सोचविचार गरेर मात्र गर्नुहोला । प्रतिफल हात लाग्नेछ ।
- **मिथुन** : व्यावहारिक पक्षमा सजग रहनुहोला । लगनशील रहदा राम्रो हुनेछ ।
- **कर्कट** : ज्ञानलाई निखार्ने समय रहेको छ । बोलिको प्रभावले सफलता प्राप्त होला।
- **सिंह** : उत्साहको कमी रहनेछ । नोकरीमा बौद्धिकताको तारिफ हुनेछ ।
- **कन्या** : आम्दानी बढ्ने समय छ । व्यक्तित्वमा निखार आउनेछ ।
- **तुला** :व्यापार आफ्नो अनुकूल बनाउन सकिनेछ।सफलताले हौसलाजगाउनेछ ।
- **वृश्चिक** :आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ ।कीर्तिमान काम गर्ने समय छ ।
- **धनु** : सौख पूरा गर्न रकम खर्च गर्नुपर्ला । निर्णय लिनुभन्दा अघि सल्लाह लिनुहोस्।
- **मकर**:रमाईलो यात्राको क्रम अगाडि बढ्नेछ ।मिगनशीलतामले सफलता मिल्नेछ ।
- **कुम्भ** : अवसरको खोजी गर्नुपर्ला । पुरानो कार्यलाई नछोडेको राम्रो होला ।
- **मीन** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा हर्ष बढ्नेछ ।

## विज्ञान/सूचना प्रविधि

# अब युट्युबभन्दा एक्सबाट हुनेछ धेरै कमाइ




सोशल मिडिया प्लेटफर्म एक्सका मालिक एलन मस्कले क्रिएटरहरूको भुक्तानी युट्युबभन्दा बढी गर्ने संकेत दिएका छन् । सोशल मिडिया प्लेटफर्म एक्सका मालिक एलन मस्कले फेरि एकपटक टेक जगतमा हलचल मच्चाएका छन् ।एक्सले निकट भविष्यमा नै कन्टेन्ट क्रिएटरहरूलाई दिइने भुक्तानीमा व्यापक वृद्धि गर्नसक्ने र त्यो परिमाण युट्युबको भन्दा पनि बढी हुन सक्ने मस्कले संकेत गरेका छन् । इन्टरनेटमा लार्ज ल्याङ्वेज मोडेल (एलएलएमएस) र कृत्रिम बुद्धिमत्ता अर्थात एआईको प्रभाव तीव्र रूपमा बढिरहेको समयमा एलन मस्कको यस्तो निर्णय आएको हो ।

क्रिएटर्सलाई उचित पारिश्रमिक नदिने प्लेटफर्महरू भविष्यमा अप्रासंगिक हुँदै जाने मस्कको दाबी छ।हालै एक प्रयोगकर्ताले एक्समा गरेको पोस्टको जवाफमा मस्कले क्रिएटरहरूको भुक्तानी दर बढाउने कुरामा सहमति जनाए । एकजना प्रयोगकर्ताले लेखेका थिए- अब केवल भुक्तानी दिने प्लेटफर्महरू मात्र टिक्नेछन्, किनकि एआई मोडेलहरूले इन्टरनेटको बाँकी सामग्री 'निल्दै' छन्।त्यसको जवाफ दिँदै मस्कले लेखे- ठीक छ, त्यसो गरौँ । तर सिस्टमसँग कुनै पनि प्रकारको धोखाधडी हुन नदिन कडा नियम लागू गरिनेछ ।

**मस्कको नयाँ योजना के हो ?**

वास्तवमा एलन मस्कको योजना सरल तर प्रभावकारी देखिन्छ । त्यो हो, क्रिएटर्सलाई बढी आम्दानी तर कडा नियमन । यद्यपि एक्सले अहिले पनि विज्ञापनबाट आएको आम्दानी क्रिएटर्ससँग बाँड्दै आएको छ । तर अब उसले यस मोडललाई विस्तार गर्दै युट्युबसँग प्रत्यक्ष प्रतिस्पर्धा गर्ने तयारीमा छ।तर यसो गर्दा धेरै कमाउने लोभले बोट्स र नक्कली एङेजमेन्ट बढाउन सक्ने चिन्ता उनमा छ। त्यसैले इन्टरनेट प्रणालीमा यस्तो गलत कार्य गर्नेमाथि कडा कारबाही गरिनुपर्नेमा मस्क अडिग छन् ।मस्कले क्रिएटर्सको भुक्तानी बढाउने संकेत गरेपनि यस्तो वृद्धिबाट केवल प्रिमियम प्लस सब्सक्रिप्सन लिने क्रिएटर्सलाई मात्र लाभ मिल्ने बताइएको छ । सोसल मिडिया प्लेटफर्म एक्सका प्रोडक्ट हेड निकिता बियरले मस्कको भनाइलाई पुष्टि गर्दै उनको टोलीले एक्समा हुने धोखाधडीलाई ९९ प्रतिशतसम्म रोक्न सक्ने नयाँ प्रणाली विकास गरिरहेको जानकारी दिएका छन् । यसले ओरिजिनल र गुणस्तरीय कन्टेन्ट बनाउने क्रिएटर्सले मात्र लाभ पाउने कुरालाई सुनिश्चित गर्ने उनको भनाइ छ । स्मरण रहोस् भिडियो स्ट्रिमिङ प्लेटफर्म युट्युब लामो समयदेखि क्रिएटर्सका लागि सबैभन्दा ठूलो आम्दानीको स्रोत रहँदै आएको छ । यदि एलन मस्कले भुक्तानी बढाउने योजना कार्यान्वयन गरेमा एक्स प्लेटफर्म क्रिएटर्सका लागि उच्च आम्दानीको श्रोत बन्नेछ । साथै यसले एक्सलाई भिडियो हेर्नका लागि रोजाइमा पर्ने अनि 'क्रिएटर-केन्द्रित' प्लेटफर्मको रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्लेषण गरिएको छ । -*एजेन्सी*

# एप्पलको एआई रणनीति २०२६ मा सफल हुने संकेत



एप्पलले कृत्रिम बुद्धिमत्ता (एआई) क्षेत्रमा अन्य प्रविधि कम्पनीहरू जस्तै ओपनएआई, गुगल र मेटाको तुलनामा संयमित रणनीति अपनाउँदै आएको छ। यी कम्पनीहरूले एआईका लागि अर्बौं डलर लगानी गरिरहेका बेला एप्पलले खर्च सीमित राखेको छ। यही कारण एप्पल एआईमा पछि परेको र विशेषगरी सिरी अन्य आधुनिक एआई सहायकभन्दा कमजोर रहेको भन्दै आलोचना हुँदै आएको छ । तर हालै आएको एक रिपोर्टअनुसार एप्पलको यही सावधानीपूर्ण रणनीति सन् २०२६ मा फाइदाजनक देखिन सक्ने उल्लेख गरिएको छ। ठूलो मात्रामा गरिएको एआई लगानीबाट तत्काल आम्दानी आउँछ कि आउँदैन भन्ने विषयमा बजारमा शंका बढ्दै गएको छ। यस्तो अवस्थामा एप्पलसँग १३० अर्ब डलरभन्दा बढी नगद तथा लगानीयोग्य सम्पत्ति रहेकाले भविष्यमा एआई स्टार्टअप खरिद वा सहकार्य गर्ने राम्रो अवसर उससँग छ। सन् २०२६ मा एप्पलले सिरीको ठूलो सुधार गरिएको संस्करण सार्वजनिक गर्ने तयारी गरेको छ। नयाँ सिरी अझ संवादात्मक हुने र एकै पटक धेरै काम गर्न सक्ने बनाइने अपेक्षा गरिएको छ। यसका लागि एप्पलले गुगलको जेमिनी एआई प्रयोग गर्न सक्ने चर्चा छ, जसले ठूलो एआई मोडलहरू भविष्यमा सामान्य बन्दै जाने एप्पलको धारणा देखाउँछ। एप्पलको मुख्य बल भनेको आइफोन र यसको मजबुत इकोसिस्टम हो। अन्य एआई कम्पनीहरू एप वा वेब सेवामा निर्भर रहँदा एप्पलले आफ्ना उपकरणहरूमा सफ्टवेयर अपडेटमार्फत सिधै एआई सुविधा पुऱ्याउन सक्छ। हार्डवेयर निर्माण, वितरण र प्रयोगकर्ता इकोसिस्टममा एप्पलको पकड निकै बलियो छ। रिपोर्टले एप्पलभित्र भएका नेतृत्व परिवर्तनहरूलाई पनि उल्लेख गरेको छ। सिरीको जिम्मेवारी भिजन प्रो हेडसेटमा काम गरिसकेका माइक रकवेललाई दिइएको छ। साथै, एप्पलका एआई प्रमुख जोन जियानान्ड्रियाले डिसेम्बरमा अवकाश लिएका छन् र एआई टिमहरूलाई उत्पादन केन्द्रित रूपमा पुन:संरचना गरिएको छ। पहिलेका केही एआई प्रयासहरू अपेक्षाअनुसार सफल नभए पनि त्यसले एप्पलको मुख्य व्यवसायमा खास असर पारेको छैन। यदि अत्यधिक एआई लगानीप्रतिको उत्साह घट्दै गयो भने, सन् २०२६ एप्पलको सोचिएको र संयमित एआई रणनीति सफल देखिने महत्वपूर्ण वर्ष बन्न सक्ने विश्लेषण गरिएको छ ।

*-अनलाईन खबर*

# जापानले बनायो १ मिनेटमै दाँत माझ्दिने 'रोबोट ब्रस'



दिनमा कम्तीमा दुई पटक दाँत माझ्नु पनि कतिपयलाई झन्झटिलो लाग्छ । तर नमाझ्दा दाँत बिग्रिने डर पनि उत्तिकै हुन्छ । यदि तपाईं पनि यही समस्यामा हुनुहुन्छ भने, जापानी वैज्ञानिकहरूले विकास गरेको एउटा हाईटेक रोबोटिक टुथब्रस तपाईंका लागि समाधान बन्न सक्छ ।

यो टुथब्रस प्रयोग गर्न कुनै मेहनत चाहिँदैन। मुखमा एउटा माउथपिस राखेर टोक्नु मात्र पर्छ । अनि, यसले केवल एक मिनेटमै तपाइँको दाँत माझेर मोतीजस्तै टल्काइदिनेछ । यो अनौठो तथा निकै उपयोगी हुने टुथब्रस जापानको वासेदा विश्वविद्यालय रोबोटिक्स ल्याबले विकास गरेको प्रविधिमा आधारित छ । 'g.eN' नाम दिइएको यो रोबोटिक टुथब्रसमा साना-साना धेरै ब्रस हेडहरू छन् । यिनीहरू माथि/तल तथा दायाँ/बायाँ चल्छन् । यी सबै ब्रसहेड सानो तर शक्तिशाली मोटर बाट सञ्चालन हुन्छन्। यो ब्रसले दाँतको दुवै साइड एकैपटक सफा गर्छ । साथैं हातले दाँत माझ्दा हुने असमान ब्रसिङको समस्या पनि यसले कम गर्छ । उक्त रोबोटिक टुथब्रसको तौल २२० ग्राम छ र यसमा युएसबी टाइप सी चार्जिङ सुविधा दिइएको छ । यसमा विभिन्न प्रयोगकर्ताका लागि चार वटा मोड छन् । जसमा एजी, केयरफुल, स्पेशल केयर, र चिल्ड्रेन रहेका छन् ।

***प्रभावकारिता प्रमाणित***

सन् २०२२ मा जापान सोसाइटी अफ हेल्थकेयर डेन्टिस्ट्रीमा प्रस्तुत गरिएको एक अनुसन्धान अनुसार, g.eN ब्रस ले २२.४ प्रतिशत प्लाक रिटेन्सन दर हासिल गरेको छ । यसलाई 'राम्रो मुख स्वास्थ्य'को मापदण्ड मानिन्छ । अनुसन्धानले यो टुथब्रसको सफाइ क्षमता परम्परागत टुथब्रसभन्दा राम्रो रहेको निष्कर्ष निकालेको छ । हातको मेहेनतबिनै यसबाट प्राप्त उक्त कार्यदक्षता महत्वपूर्ण उपलब्धि हो ।

**बजारमा आउने तयारी**

दुई वटा पेटेन्ट सुरक्षित गरिसकेको यो रोबोटिक टुथब्रस हाल क्राउडफन्डिङ चरणमा छ । रोचक कुरा के छ भने, यसले आफ्नो लक्ष्यभन्दा झन्डै चार गुणा बढी रकम जुटाइसकेको छ । हाल यसलाई ३१ हजार ४२ जापानी येन अर्थात करिब १९९ अमेरिकी डलर मूल्यमा अर्डर गर्न सकिने बताइएको छ । यो रोबोटिक टुथब्रस सुरुमा हात चलाउन गाह्रो हुने वा शारीरिक असक्षमता भएका मानिसहरूका लागि बनाइएको थियो । तर अहिले यसले सामान्य प्रयोगकर्ताहरूको पनि ध्यान तानेको छ । विशेषगरी हातले दाँत माझ्न अल्छी गर्ने मानिसहरूका लागि यो रोजाइको सामान बनेको छ ।- *एजेन्सी*

# इन्टरनेटबिनै चल्नेछ एआई, एक हप्ता टिक्ने ब्याट्री



सन् २०२६ मा स्मार्टफोन उद्योगमा २० हजार मिलिएम्पियर आवर क्षमताको ब्याट्रीले ठूलो परिवर्तन ल्याउनेछ । स्मार्टफोनमा इनबिल्ट एआई प्रविधि बढ्दै जानाले इन्टरनेट बिना पनि कृत्रिम बुद्धिमत्ता प्रयोग गर्न सकिनेछ । विश्व स्मार्टफोन उद्योग सन् २०२६ मा ठूलो परिवर्तनको चरणबाट गुज्रिँदैछ। यो वर्ष एकातिर बढ्दो मूल्यवृद्धिले उपभोक्ताका लागि चुनौती खडा गर्न सक्ने देखिन्छ भने अर्कोतिर २० हजार मिलिएम्पियर आवर क्षमताको ब्याट्री र सुपर एआईजस्ता प्रविधिले भविष्यका लागि नयाँ मार्गहरू कोर्ने देखिन्छ । सन् २०२५ मा सामसङको ट्राइफोल्ड फोन र आइफोन १७ सिरिजले बजारमा तहल्का मच्चाएको थियो । सोही सिलसिलामा वर्ष सन् २०२६ मा पनि मोबाइल प्रयोगकर्ताले धेरै नयाँ तथा रोचक प्रविधिसँग साक्षात्कार गर्ने अवसर पाउनेछन्।समाचार अनुसार प्रविधिप्रेमीहरूका लागि वर्षको सुरुवात केही महँगो हुन सक्छ । मेमोरी चिप्स र अन्य पाटपुर्जाको बढ्दो लागतका कारण शाओमी र सामसङजस्ता ठूला ब्रान्डहरूले आफ्ना मोबाइलको मूल्य बढाइरहेका छन् । केही स्मार्टफोन कम्पनीहरूले मूल्यलाई नियन्त्रणमा राख्न र्याम तथा अन्य फिचरहरूमा कटौती गर्ने विकल्प पनि अपनाउन सक्ने जानकारी दिएका छन् ।

**सन् २०२६ मा के हुनेछ खास ?**

हामीलाई थाहै छ कि स्मार्टफोनमा एआई प्रयोग गर्न इन्टरनेटको आवश्यकता पर्छ । तर यो वर्ष इनबिल्ट एआई प्रविधि रहेका अर्थात् मा अन-डिभाइस एआईको वर्चश्व रहनेछ । यसबाट इन्टरनेट नहुँदा पनि कृत्रिम बुद्धिमत्ता प्रयोग गर्न सकिनेछ । साथै एआई फिचरहरू फोनकै हार्डवेयरमा चल्ने भएकाले गोपनीयताको सुनिश्चितता बढ्नेछ र गति पनि तीव्र हुनेछ । साथै एआई केवल फोटो सम्पादनमै सीमित नरही यसले फोनका एप्सलाई आफैं सञ्चालन गर्नसक्ने क्षमतासमेत राख्नेछ ।

**हप्ताभर चल्नेछ ब्याट्री :**

गतवर्ष स्मार्टफोन कम्पनी अनरले १० हजार मिलिएम्पियर आवर क्षमताको ब्याट्री भएको स्मार्टफोन बजारमा ल्याएर सबैलाई चकित बनाएको थियो । तर यो वर्ष ती रेकर्डहरू तोडिने सम्भावना देखिएको छ । अर्को चिनियाँ ब्राण्ड रियलमीले निकट भविष्यमै १५ हजार एमएएच ब्याट्री भएको फोन बजारमा ल्याउने तयारी गरिरहेको छ । उता सामसङका प्रयोगशालामा चाहिँ २० हजार मिलिएम्पियर आवर क्षमताको विशाल ब्याट्रीको परीक्षण भइरहेको छ । यदि त्यो सफल भएमा एक पटक फोन चार्ज गरेपछि त्यसको ब्याट्री पूरै हप्ताभर चल्नेछ ।

**डीएसएलआरजस्तै गुणस्तर**: फोटोग्राफीका सौखिनहरूका लागि सन् २०२६ स्वप्नील हुने संकेत देखिएका छन् । अहिलेसम्म स्मार्टफोनमा २०० मेगापिक्सलको एउटा मात्र मुख्य क्यामेरा हुने गर्थ्यो । तर भिभो र ओप्पोले आफ्ना आगामी फोनमा २०० मेगापिक्सलका दुई फरक-फरक सेन्सर दिने तयारी गरिरहेका छन् । त्यस्तै आइफोन १८ प्रो म्याक्समा पहिलो पटक भेरिएबल एपर्चर फिचर आउन सक्ने अपेक्षा गरिएको छ । यसले व्यवसायिक डीएसएलआर क्यामेराबाट खिचिएको जस्तै गुणस्तरीय तस्वीर खिच्नेछ ।- *एजेन्सी*

# दुई दिवसीय 'टेष्ट सिरिज'को उपाधि रुपन्देहीलाई



**भैरहवा (रुपन्देही),** पुस/ २१ भैरहवामा जारी 'पवनकुमार सेठिया स्मृति क्रिकेट प्रतियोगिता'अन्तर्गत दुई दिवसीय 'टेष्ट सिरिज'को उपाधि रुपन्देही-११ ले जितेको छ । रुपन्देही क्रिकेट संघको आयोजनामा भैरहवा सिद्धार्थ क्रिकेट र'शालामा भएको खेलमा रुपन्देहीले त्रिभुवन आर्मी क्लब 'ए'लाई १०१ रनले पराजित गरेको हो ।

आइतबार रुपन्देहीले पहिलो इनिङमा १२२ रन बनाएको थियो भने आर्मीले दुई १५५ रन बनाएको थियो । यसक्रममा आर्मीका जीतेन्द्रसिंह ठकुरी ५८ रनमा अविजित रहनुभएको थियो । सोमबार भएको दोस्रो इनिङमा रुपन्देहीले २०५ रन बनायो, जसमा देव खनालले ७८ र प्रज्वल थापाले 'नटआउट' ४२ रन बनाए । बलिङमा आर्मीका अनिश धामी र पारससिंह धामीले २-२ विकेट लिए । आर्मीले पहिलो दिन १६ रनले अग्रता लिए पनि दोस्रो दिन रुपन्देहीले दिएको १७३ रनको लक्ष्य पछ्याउने क्रममा ७१ रनमा अलआउट भयो । रुपन्देहीको इनिङ सुरु हुनुअघि आर्मीले ३३ रनले अग्रता लिएको थियो । आर्मीका प्रदीप पेलाले २१, जीतेन्द्र सिंह ठकुरीले १७ र प्रदीपसिंह चाइसिरले १६ रन बनाए । बलिङमा रुपन्देहीका सन्देश थापा र अजयकुमार चौहानले ३-३ तथा सुरज खड्का र विशाल भुसालले १-१ विकेट लिए । अजयकुमार चौहान 'म्यान अफ द म्याच' घोषित भए । प्रतियोगिताअन्तर्गतका एकदिवसीय खेल अब मंगलबारदेखि हुनेछन् । प्रतियोगितालाई भैरहवाका व्यवसायी हरिष सेठिया र सुनिल सेठियाले आफ्ना बुबा स्वर्गीय पवनकुमार सेठियाको स्मृतिमा मुख्य प्रायोजन गरेका थिए । प्रतियोगिता संयोजक प्रथम पराजुलीका अनुसार पुस २३, २५ र २७ गते ओडीआई, २९, ३० र माघ १ गते टी-ट्वान्टी क्रिकेट सिरिज हुनेछ । *-रासस*

## भार्सेमा भिक्टोरिया...

..भूपूगोर्खा ग्यालरीमा हालसम्म पहिलो र दोस्रो विश्वयुद्ध लडेका ३४ जना दिवंगत व्यक्तिहरूको तस्बिर तथा विवरण राखिएको छ । ग्यालरीमा कम उमेरमा विश्वकै प्रतिष्ठित पदक भिक्टोरिया क्रस प्राप्त गर्ने कर्नबहादुर राना, भारतीय सेनामा नेपालबाट पहिलो कर्नेल श्रीप्रसाद बुढाथोकी तथा उनका पिता गिरीप्रसाद बुढाथोकीको तस्बिरसमेत राखिएको छ । भार्सेमा जन्मिए र हाल हङकङमा रहनुभएका लेफ्टिनेन्ट कुलबहादुर बुढाथोकीको नेतृत्वमा ग्यालरी स्थापना गरिएको हो । उनले ग्यालरी निर्माणका लागि अहिलेसम्म करिब रु ५७ लाखभन्दा बढी रकम व्यक्तिगत रुपमा लगानी गरिसकेका छन् । ग्यालरीमा हाल भारतीय, बेलायती र नेपाली सेना, प्रहरी तथा रराष्ट्रसेवक कर्मचारीहरूको चार सयभन्दा धेरै तस्बिरहरु राखिएको छ ।-रासस

खेलकुद समाचार


## टी-२० विश्वकपको 'ट्रफी' नेपालमा




**काठमाडौं,** पुस २१/ आईसीसी टी-२० विश्वकप २०२६ को 'ट्रफी' नेपाल आइपुगेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले शीतल निवासमा आयोजित एक कार्यक्रममा ट्रफी सार्वजनिक गरे । शीतल निवासमा आयोजित कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेल, नेपाल क्रिकेट सै (क्यान) का अध्यक्ष चतुरबहादुर चन्द, नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेलले संयुक्त रूपमा ट्रफी सार्वजनिक गरेका हुन् । 'ट्रफी टुर' कार्यक्रम अन्तर्गत मंगलबार बिहान ८ बजेदेखि दिउँसो १२ बजेसम्म पोखरामा विश्वकप ट्रफीको फोटोशूट, दिउँसो ४ बजेदेखि बेलुकी ६ बजेसम्म वसन्तपुर क्षेत्रमा ट्रफी प्रदर्शनी तथा पर्सि दिउँसो २ बजेदेखि ३ बजेसम्म बौद्धनाथ स्तूप परिसरमा ट्रफी प्रदर्शन गर्ने कार्यक्रम रहेको क्यानले जनाएको छ । नेपाली खेलकुद क्षेत्रका लागि सकारात्मक भएको बताए । उनले टी-२० विश्वकपको ट्रफी नेपाल आउनु देशका लागि गौरवपूर्ण क्षण भएको बताउँदै यस ऐतिहासिक अवसरले नेपाल विश्व क्रिकेटको केन्द्र तर्फ अग्रसर भइरहेको सन्देश विश्वभर फैलाएको धारणा व्यक्त गरे । नेपालमा विश्वकप ट्रफी ल्याइ नेपाली क्रिकेट र समर्थकको उत्साह एवम् आत्मविश्वास अभिवृद्धि गरिदिएकोमा उनले अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) प्रति धन्यवाद व्यक्त गरे । टी-२० विश्वकपको ट्रफी नेपालमा पहिलो पटक आइपुगेको हो । नेपालमा यसअघि सन् २०१८ मा एकदिवसीय विश्वकपको ट्रफि ल्याइएको थियो । टी-२० विश्वकपको १०औं संस्करण आउँदो फेब्रुअरी ७ देखि भारत र श्रीलङ्कामा शुरू हुँदैछ । नेपालसहित २० वटा टोली सहभागी प्रतियोगिताको फाइनल खेल मार्च ८ मा हुनेछ । विश्वकपमा नेपाल समूह 'सी' मा परेको छ । यो समूहमा नेपालसँगै इङ्ग्ल्यान्ड, वेस्ट इन्डिज, इटाली र बंगलादेश छन् ।

अर्थ/कर्पोरेट समाचार

## नेप्से २८ अङ्कले बढ्यो



**पाल्पा,** पुस २१/ साताको दोस्रो सेयर कारोबार दिन सोमबार नेप्से परिसूचक दोहोरो अंकले बढेर बन्द भएको छ । नेप्से परिसूचक २८ दशमलव ७३ अंकले बढेको हो ।

नेप्से बढेसँगै २ हजार ६ सय ३९ दशमलव ३७ विन्दुमा पुगेको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २८ दशमलव ७३ अंकले बढेर दुई हजार ६ सय ३९ दशमलव ३७ को बिन्दुमा कायम भएको छ । यो एक दशमलव १० प्रतिशतको वृद्धि हो । ३ सय ३५ कम्पनीको एक करोड २४ लाख ५९ हजार ९ सय ५१ कित्ता शेयर ८४ हजार ९ सय ० पटक खरिदबिक्री हुँदा रु ६ अर्ब ४७ करोड ३७ लाख ३६ हजार ९९ बराबरको कारोबार भएको छ । कारोबारमा सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह तीन दशमलव ०५, विकास बैंक समूह दुई दशमलव ७० र होटल तथा पर्यटन समूह दुई दशमलव ५३ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव ६७, वित्त शून्य दशमलव ८३, जीवन बीमा शून्य दशमलव ४९, जलविद्युत् एक दशमलव १४, लगानी एक दशमलव २५, लघुवित्त शून्य दशमलव ५३, म्युचुअल फण्ड शून्य दशमलव ४३, निर्जीवन बीमा शून्य दशमलव ५७, व्यापार शून्य दशमलव २२ र अन्य समूह शून्य दशमलव शून्य दशमलव ७३ प्रतिशतले बढेको छ । सागर डिस्टिलरी लिमिटेड, एसवाई प्यानल नेपाल लिमिटेड, श्रीनगर एग्रीटेक एन्डस्ट्रीज लिमिटेड, बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेड र रुरु जलविद्युत् परियोजना लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने स्टाण्डर्ड चार्टर्ड बैंक लिमिटेड डिबेन्चर दुई दशमलव ४९ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा आज सबैभन्दा धेरै शिवम सिमेन्ट लिमिटेडको रु ३८ करोड ६९ लाख ५० हजार ३४७ बराबरको छ लाख २२ हजार ८४० कित्ता शेयर किनबेच भएको छ ।

कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| | | |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| | | |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| | |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| | |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

वर्गिकृत डिस्प्ले
१X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई